२०७५ साल असोज २१ गते मंगलबारका दिन बसेको मन्त्रिपरिषद्को १६ औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छनः

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** सुशासन (व्यवस्थापन तथा संचालन) विधेयक, २०७५ सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

२. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, प्रदेश सञ्चार नीति, २०७५ स्वीकृत गर्ने ।

३. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, प्रदेश प्रसारणसम्बन्धी कानूनी व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

५. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, प्रदेश प्रहरीसम्बन्धी कानूनी व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

६. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं.५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) मिति २०७५।०७।१ बाट लागू हुने गरी मिति तोक्ने स्वीकृति प्रदान गर्ने ।

७. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रकृयासम्बन्धी ऐन, २०७५ मिति २०७५।०७।०१ बाट लागू हुने गरी मिति तोक्ने स्वीकृति प्रदान गर्ने ।

८. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश तथ्याङ्क सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयक, २०७५ तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

९. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयक, २०७५ तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१०. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश नं. ५, प्रदेश सार्वजनिक खरिद सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयक, २०७५ तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

११. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** प्रदेश नं. ५, प्रदेश वनसम्बन्धी कानूनी व्यवस्था गर्न बन्ने विधेयक, २०७५ का सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१२. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** प्रदेश नं. ५, प्रदेश खानी अन्वेषणसम्बन्धी कानूनी व्यवस्था गर्न बन्ने विधेयकको सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१३. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** प्रदेश पर्यटनसम्बन्धी कानूनी व्यवस्था गर्न बन्ने विधेयकको सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१४. **सामाजिक विकास मन्त्रालयः** प्रादेशिक युवाहरुको क्षमता विकाससम्बन्धी व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१५. **सामाजिक विकास मन्त्रालयः** प्रादेशिक खेलकूद विकाससम्बन्धी व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।